# नेपाल धितोपत्र बोर्ड समाचार

अङ्क–१२ (श्रावण/भाद्र २०७४)


## बोर्ड सामाजिक उत्तरदायित्व वहन गर्दै

२०७४ भाद्रमा तराईमा आएको वर्षा र बाढीका कारण पूर्व तराई क्षेत्रमा धेरै धनजनको क्षति भएको अवस्थालाई दृष्टिगत गरी बोर्डले २०७४ भाद्र १८ गते प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग स्वरुप रु. ३० लाख प्रदान गरेको छ । प्रधानमन्त्री निवास वालुवाटारमा एक कार्यक्रमबीच बोर्ड सदस्य श्री तोयानाथ अधिकारी, नर बहादुर थापा, जगन्नाथ उपाध्यय तथा बोर्डका कार्यकारी निर्देशक तथा निर्देशकहरुको उपस्थितिमा बोर्ड अध्यक्ष डा. रेवत बहादुर कार्कीले सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवाज्यू समक्ष बाढी पहिरो पीडितको राहत तथा उद्धारका लागि रु.३० लाख बराबरको चेक हस्तान्तरण गर्नुभएको थियो । कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले राहत कोषमा सहयोग गरेकोमा बोर्डलाई धन्यवाद दिनुभएको थियो । यसअघि २०७२।०१।१२मा आएको महाभुकम्पका कारण भएको व्यापक जनधनको क्षति भएको समयमा पनि बोर्डले यसप्रकारको सहयोग गरेको थियो ।




*प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग स्वरुप सम्माननीय प्रधानमन्त्रीज्यूलाई चेक हस्तान्तरण गर्दै बोर्ड अध्यक्षज्यू तथा साथमा बोर्डका पदाधिकारीहरु*

## बोर्ड सदस्यको आचारसंहिता लागू

बोर्डले बोर्ड सदस्यका लागि आचरण तथा व्यवहार, इमान्दारिता तथा गोपनीयता, वित्तीय अनुशासन, पदको दुरुपयोग, सञ्चार माध्यमसँगको सम्बन्ध जस्ता विषयमा स्पष्ट गर्दै कार्य जिम्मेवारी अनुसार कार्य सम्पादन गर्नुपर्ने, सेयरमा लगानी गर्न नहुने, बोर्डको कामकाज वा समाचार प्रकाशन गर्न नहुने लगायतका व्यवस्थाहरु समावेश गरी "नेपाल धितोपत्र बोर्डका बोर्ड सदस्यको आचारसंहिता, २०७४" तर्जुमा गरी लागु गरेको छ । यसअघि बोर्डका कर्मचारीहरुको लागि समेत आचारसंहिता लागू गरिसकेको बोर्डले हाल सूचिकृत संगठित संस्थाहरुको लागि संस्थागत सुशासन सम्बन्धी निर्देशिका तयारी कार्य अगाडि बढाएको छ । यसबाट धितोपत्र बजार स्वच्छ, पारदर्शी र व्यवस्थित भई पुँजी परिचालन र लगानीको लागि प्रभावकारी संयन्त्रको रुपमा विकास हुँदै जाने अपेक्षा गर्न सकिन्छ ।

**'नेपाल धितोपत्र बोर्डका बोर्ड सदस्यको आचारसंहिता, २०७४' का विशेषताहरू**:

- बोर्ड सदस्यले आफ्नो कार्यकालमा बोर्डबाट अनुमति प्राप्त संस्थाको संस्थापक सेयरमा लगानी गर्न तथा आफ्नो कार्यकालमा दोस्रो बजारमा धितोपत्र खरिद बिक्री गर्न नहुने,
- बोर्ड सदस्यले आफूले प्रतिनिधित्व गरेको संस्थाको अतिरिक्त बोर्डबाट अनुमति प्राप्त धितोपत्र व्यवसायी, सूचिकृत संस्था वा धितोपत्र दर्ता तथा निष्काशन प्रक्रियामा रहेका संगठित संस्थामा सञ्चालक, सल्लाहकार तथा पारिश्रमिक वा शुल्क पाउने गरी पूर्णकालिन पदाधिकारीको रुपमा रहनु हुँदैन,
- बोर्ड सदस्य धितोपत्र व्यवसायी, सूचिकृत संगठित संस्था वा धितोपत्रको दर्ता तथा निष्काशन गरेका संगठित संस्थाको आधारभूत सेयरधनी वा पदाधिकारी रहेमा त्यस्तो व्यवसायी, सूचिकृत संगठित संस्था वा धितोपत्र दर्ता तथा निष्काशन गरेको संगठित संस्थाको सम्बन्धमा बोर्डलाई जानकारी दिई त्यस्तो संस्था सम्बन्धी हुने छलफल तथा निर्णयमा सहभागी हुनु हुँदैन,
- बोर्ड सदस्यले अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी, सूचिकृत संगठित संस्था वा धितोपत्र दर्ता तथा निष्काशन प्रक्रियामा रहेका संगठित संस्थालाई कुनै प्रकारको सेवा प्रदान गरेको भए बोर्डलाई सो को जानकारी दिनुपर्ने छ । साथै त्यस्तो संस्थाको सम्बन्धमा बोर्डमा

यस भित्र



- धितोपत्र बजारको समीक्षा पृ. ४
- प्राथमिक बजार सम्बन्धी बोर्डको गतिविधि पृ. ५
- दोस्रो बजार सम्बन्धी बोर्डको गतिविधि पृ. ६
- धितोपत्र सम्बन्धी कानुनी व्यवस्थामा सुदृढीकरण पृ. ७

हुने छलफलमा स्वार्थ बाझिने हुँदा त्यस प्रकारको छलफल तथा निर्णयमा भाग लिनु हुँदैन,

- बोर्ड सदस्यले ओहदाको कर्तव्य पालना गर्दा आफूलाई ज्ञात हुन आएको कुनै कुरा वा बोर्ड वा अन्य माध्यमबाट प्राप्त गरेको वा आफूले लेखेको वा संकलन गरेको कुनै सूचना, कागजात वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट बोर्डको अहित हुने गरी बोर्ड बाहिरका व्यक्ति तथा कुनै पनि किसिमका सञ्चार माध्यमलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपले संकेत वा प्रकट गर्नु हुँदैन,
- बोर्ड सदस्यले बोर्डबाट अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी, सूचिकृत संगठित संस्था तथा कारोबारमा आफ्नो पद र नाम दुरुपयोग गरी कुनै पनि किसिमको व्यक्तिगत तथा पारिवारिक फाइदा हुने क्रियाकलापमा संलग्न हुनु हुँदैन,
- बोर्डको काममा कुनै पनि प्रकारले असर पर्ने गरी बोर्ड सदस्यले बोर्डको पूर्व स्वीकृति बिना कसैबाट कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार माग्न, स्वीकार गर्न वा आफ्नो परिवारको कुनै सदस्यबाट स्वीकार गराउन हुँदैन ।

## धितोपत्र बजारको अवस्था

आ.व. २०७४।७५ को प्रथम दुई महिनामा धितोपत्र बजारको अवस्था मिश्रित रहेको छ । प्राथमिक बजारमार्फत् हुने पुँजी परिचालनमा वृद्धि आएको यस अवधिमा दोस्रो बजारको अधिकांश परिसूचकहरुमा ह्रास आएको छ । आ.व. २०७४।७५ को प्रथम दुई महिनामा प्राथमिक बजारमार्फत् हुने पुँजी परिचालनमा करिब ४० प्रतिशतले बढोत्तरी भएको छ । समीक्षा अवधिमा म्युचुअल फण्डमार्फत् हुने पुँजी परिचालनमा कमी आएतापनि साधारण सेयरको प्राथमिक निष्काशन, हकप्रद निष्काशन तथा थप निष्काशनमार्फत् पुँजी परिचालन गर्ने क्रममा भने बढोत्तरी आएको छ । उक्त अवधिमा कुल पुँजी परिचालनमा हकप्रद सेयरमार्फत् हुने पुँजी परिचालनको हिस्सा करिब ७० प्रतिशत रहेको छ । यस अवधिमा एक कम्पनीले रु. ५.७२ अर्ब बराबरको थप निष्काशन गरेको छ भने एक म्युचुअल फण्डको रु. १.२५ अर्ब बराबरको योजना सार्वजनिक भएको छ । गत आ.व. को सोही समयावधिमा दुई म्युचुअल फण्डको रु. २.२५ अर्ब बराबरको योजना सार्वजनिक भएको थियो । आ.व. २०७३।७४ को प्रथम दुई महिनामा १३ संगठित संस्थाले प्राथमिक बजारमार्फत् पुँजी परिचालन गरेका थिए भने चालु आ.व.को प्रथम दुई महिनामा १५ संगठित संस्थाले प्राथमिक बजारमार्फत् पुँजी परिचालन गरेका छन् । साथै समीक्षा अवधिमा ७ सूचिकृत संस्थाले रु. ८३ करोड २८ लाख २९ हजार २ सय ७५ बराबरको बोनस सेयर दर्ता गराएका छन् जुन अघिल्लो आ.व. को सोही समयवधिको तुलनामा करिब ६० प्रतिशतले





तालिका-१ : धितोपत्रको प्राथमिक बजारको अवस्था (प्रथम २ महिनामा

| विवरण | आर्थिक वर्ष (रकम रू. अर्बमा) | | | | | | परिवर्तन प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७२/७३ | | २०७३/७४ | | २०७४/७५ | | संख्याको आधारमा | | रकमको आधारमा | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | २०७३/७४ | २०७४/७५ | २०७३/७४ | २०७४/७५ |
| प्राथमिक निष्काशन | १ | २.०० | १ | ०.१२ | १ | ०.१८ | ०.०० | ०.०० | -९४.२५ | ५६.५२ |
| हकप्रद निष्काशन | ५ | ०.६५ | १० | ३.४५ | १२ | ५.७२ | १००.०० | २०.०० | ४३०.७७ | ६५.८० |
| थप निष्काशन | - | - | - | - | १ | ०.९८ | - | - | - | - |
| म्युचुअल फण्ड | - | - | २ | २.२५ | १ | १.२५ | - | -५०.०० | - | -४४.४४ |
| जम्मा | ६ | २.६५ | १३ | ५.८१५ | १५ | ८.१२५ | ११६.६७ | १५.३८ | ११९.४३ | ३९.७२ |

स्रोत: नेपाल धितोपत्र बोर्ड ।

आ.व. २०७४।७५ को प्रथम दुई महिनामा धितोपत्रको दोस्रो बजारमा केही ह्रास आएको छ । १९६ कम्पनी सूचिकृत रहेको नेप्सेमा समीक्षा अवधिमा ४० दिन कारोबार हुँदा रु. ३५.३० अर्ब बराबरको कारोबार भएको छ जुन गत आ.व.को सोही समयावधिको तुलनामा करिब ४० प्रतिशतको कमी हो । यस्तै गरी औसत दैनिक कारोबारमा समेत करिब ३९ प्रतिशतले कमी आई समीक्षा अवधिमा रु. ०.८८ अर्ब बराबरको औसत कारोबार भएको छ । सूचिकृत कम्पनीको संख्यामा कमी आएको समीक्षा अवधिमा सूचिकृत धितोपत्रको बजार पुँजीकरणमा समेत करिब ११ प्रतिशतले कमी आई रु. १७७५.५९ अर्ब पुगेको छ भने



फ्लोट बजार पुँजीकरणमा समेत करिब १२ प्रतिशतले ह्रास आएको छ । धितोपत्रको मूल्यको उत्तारचढावलाई मापन गर्ने नेप्से सूचकांकमा करिब १६ प्रतिशतले गिरावट आई १५३०.३१ बिन्दु कायम भएको छ । गत आ.व. को सोही समयावधिमा उक्त सूचकांक १८१५.१७ बिन्दुमा रहेको थियो । साथै गत आ.व. को प्रथम दुई महिनामा १३५.५४ बिन्दुमा रहेको नेप्से फ्लोट सूचकांकमा करिब १८ प्रतिशतले कमी आई चालु आ.व. को सोही समयावधिमा ११०.८८ विन्दु कायम भएको छ । समीक्षा अवधिमा कुल बजार पुँजीकरणमा कारोबार रकमको अनुपात र कुल गार्हस्थ उत्पादनमा बजार पुँजीकरणको अनुपात क्रमश: करिब १२ प्रतिशत र ६३ प्रतिशत रहेको छ जुन गत आ.व.को सोही समयावधिमा क्रमश: करिब १८ प्रतिशत र ६८ प्रतिशत रहेको थियो । विगत तीन आ.व. को प्रथम दुई महिनाको धितोपत्रको दोस्रो बजारको अवस्था तालिका-२ मा प्रस्तुत गरिएको छ ।

तालिका-२ : धितोपत्रको दोस्रो बजारको अवस्था (प्रथम २ महिनामा आधारित)

| विवरण | आर्थिक वर्ष | | | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|
| | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७३/७४ | २०७४/७५ |
| सूचिकत कम्पनीको संख्या | २३० | २२७ | १९६ | -१.३० | -१३.६६ |
| धितोपत्रको कारोबार (रू. अर्बमा) | २३.७७ | ५९.५९ | ३५.३० | १५०.६९ | -४०.७६ |
| कारोबार दिन | ४१ | ४१ | ४० | - | -२.४४ |
| औसत दैनिक कारोबार रकम (रू. करोडमा) | ०.५८ | १.४५ | ०.८८ | १५०.६९ | -३९.२८ |
| कारोबार भएको कूल सेयर संख्या (करोडमा) | ४.९५ | १०.९४ | ८.२७ | १२१.०१ | -२४.४१ |
| कारोबार संख्या | १४०५३१ | २९४७८७ | ३३७९८१ | १०९.७७ | १४.६५ |
| सूचिकृत धितोपत्रको बजार पुँजीकरण (रू.अर्बमा) | १२३१.९४ | २००३.०८ | १७७५.५९ | ६२.६० | -११.३६ |
| फ्लोट बजार पुँजीकरण (रू.अर्बमा) | ३८८.०८ | ६८७.४२ | ६००.३६ | ७७.१३ | -१२.६६ |
| बजार पुँजीकरणमा कारोबारको प्रतिशत | ११.५८ | १७.८५ | ११.९३ | ५४.१८ | -३३.१७ |
| कुल ग्राहस्थ उत्पादनमा बजार पुँजीकरणको प्रतिशत | ४७.४० | ७७.०६ | ६८.३१ | ६२.६० | -११.३६ |
| कुल ग्राहस्थ उत्पादनमा फ्लोट पुँजीकरणको प्रतिशत | १४.९३ | २६.४५ | २३.१० | ७७.१३ | -१२.६६ |
| नेप्से सुचकांक (विन्दुमा) | ११९६.०२ | १८१५.१७ | १५३०.३१ | ५१.७७ | -१५.६९ |
| नेप्से सेन्सिटिभ सुचकांक (विन्दुमा) | २५८.५० | ३९३.८८ | ३२०.७३ | ५२.३७ | -१८.५७ |
| नेप्से फ्लोट सुचकांक (विन्दुमा) | ८५.२९ | १३५.५४ | ११०.८८ | ५८.९२ | -१८.१९ |

स्रोत: नेपाल स्टक एक्सचेन्ज लि.।

## धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली संशोधन (२०७४।०४।०३)

बोर्डले मर्चेन्ट बैंकर व्यसायको कार्यक्षेत्र विस्तार गर्दै मर्चेन्ट बैंकिङ्ग सेवालाई समसामयिक बनाउने उद्देश्यले साविकको धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ मा प्रथम संशोधन गरेको छ । संशोधनपश्चात् मर्चेन्ट बैंकरको कार्यक्षेत्र थप वृद्धि हुनुका साथै साविकको चुक्ता पुँजीमा तीन गुणा भन्दा बढीले वृद्धि भएको छ । यसबाट मर्चेन्ट बैंकरको वित्तीय अवस्था सुदृढ भई प्रतिस्पर्धात्मक क्षमता समेत अभिवृद्धि हुने देखिन्छ ।

**संशोधित धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावलीमा भएका नयाँ व्यवस्थाहरू:**

- साविकको नियमावलीको भएको व्यवस्थाका साथै मर्चेन्ट बैंकरले संगठित संस्थाको संरचनामा हेरफेर, मूल्याङ्कन, व्यवसायिक योजना, लोन सिण्डिकेशन, वर्किङ्ग क्यापिटल फाइनान्सिङ्ग, भेन्चर क्यापिटल, प्राइभेट इक्विटी, हेज फण्ड जस्ता कोष सञ्चालन, सम्पति व्यवस्थापन लगायतका विषयमा परामर्श सेवा प्रदान सम्बन्धी संस्थागत परामर्शदाताको रुपमा समेत कार्य गर्ने सक्ने गरी मर्चेन्ट बैंकरको कार्यक्षेत्रको विस्तार भएको छ ।
- बजारको बढ्दो विकास र कार्यक्षेत्र अनुरुप सम्पूर्ण मर्चेन्ट बैंकरले आगामी २०७५ असार मसान्तसम्म देहाय बमोजिमको चुक्ता पुँजी पुऱ्याउनुपर्ने छ ।

| कार्य | चुक्ता पुँजी | |
|---|---|---|
| | पुरानो व्यवस्था | नयाँ व्यवस्था |
| निष्काशन तथा बिक्री प्रबन्धक | रु. ३ करोड | रु. ५ करोड |
| धितोपत्र प्रत्याभूतिकर्ता | रु. ४ करोड | रु. ७ करोड |
| सेयर रजिष्ट्रार | रु. १ करोड | रु. ३ करोड |
| लगानी व्यवस्थापक | रु. १ करोड | रु. ५ करोड |
| संस्थागत परामर्शदाता | - | रु. ३ करोड |
| माथि उल्लेखित सबै व्यवसाय सञ्चालन गर्ने मर्चेन्ट बैंकरको चुक्ता पुँजी रु. २० करोड हुनुपर्ने व्यवस्था गरिएको छ । संशोधन अघि उक्त पुँजी रु. ७ करोडमा सिमित गरिएको थियो । | | |

- लगानीकर्ताको हित र मर्चेन्ट बैंकरको जोखिम वहन गर्न सक्ने क्षमतालाई दृष्टिगत गरी धितोपत्र प्रत्याभुतिकर्ता र लगानी व्यवस्थापकले अन्तिम लेखापरिक्षण भएको नेटवर्थको क्रमश: पाँच गुणा र दश गुणा सम्म कार्य गर्न सक्ने व्यवस्था गरिएको छ । यसअघि यसप्रकारको सीमा तोकिएको थिएन ।
- मर्चेन्ट बैंकरको सेयरधनीले ग्रहण गरेको सेयर विक्री वा हस्तान्तरण गर्नुभन्दा पहिले बोर्डमा तत् सम्बन्धी अभिलेख गराउनुपर्ने व्यवस्था गरिएको छ । साथै कुनै एक मर्चेन्ट बैंकरमास्वामित्व वा कुनै लाभको पद ग्रहण गरेको व्यक्ति वा संस्थाले अन्य धितोपत्र व्यवसायी संस्थामा स्वामित्वलिन नहुने वा कुनै लाभको पद ग्रहण गर्न नपाइने व्यवस्था समेत गरिएको छ ।
- सहायक कम्पनी स्थापना गरी मर्चेन्ट बैंकिङ्ग व्यवसाय सञ्चालन गरिरहेका बैंक तथा वित्तीय संस्था एक आपसमा मर्ज वा प्राप्ती भएमा सहायक कम्पनीहरुको समेत मर्ज वा प्राप्ति गर्नुपर्ने व्यवस्था भएको छ ।
- निष्काशन तथा विक्री प्रबन्ध सेवामा हुन सक्ने अस्वस्थ प्रतिष्पर्धालाई निरुत्साहित गर्न निष्काशन तथा विक्री प्रबन्धक सेवाका लागि निष्काशित रकमको बढीमा दुई प्रतिशतसम्म सेवा शुल्क लिन पाउने व्यवस्था भएकोमा उक्त शुल्क रु. १ लाख भन्दा कम हुन नहुने व्यवस्था गरिएको छ । साथै मर्चेन्ट बैंकरले विभिन्न शिर्षकहरुमा बोर्डलाई बुझाउनुपर्ने नियमन शुल्कलाई समेत समसामयिक बनाएको छ ।

# बोर्डका अन्य गतिविधिहरु

**हितग्राही खाता खोल्दा विशेष सतर्कता अपउनाउन निक्षेप सदस्यलाई बोर्डको निर्देशन (२०७४।०५।०९):** हितग्राही खाताको संख्या बढ्ने क्रमसँगै यस प्रकारको खाता खोल्दा अनियमतता भइरहेको गुनासाहरु बोर्डमा प्राप्त भैरहेको तथा बोर्डबाट विभिन्न समयमा गरिएको स्थलगत तथा गैर-स्थलगत सुपरिवेक्षणबाट समेत केही निक्षेप सदस्यले हितग्राही खाता खोल्दा खातावाला स्वयं उपस्थित नभई खाता खोलेको तथा ग्राहकको स्पष्ट पहिचान खुल्ने आवश्यक विवरण अभिलेखमा समावेश नगरेको र अनधिकृत रुपमा हितग्राही खाता खोली कारोबार भएको देखिएको पृष्ठभूमिमा बोर्डले सम्पूर्ण निक्षेप सदस्यहरुलाई सम्पत्ति शुदीकरण निवारण ऐन,२०६४, धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ तथा सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०६९ का व्यवस्थाहरुको पालना गराई ग्राहकको स्पष्ट पहिचान गर्न सम्बन्धित ग्राहकलाई स्वयं उपस्थित हुन लगाई हितग्राही खाता खोल्न निर्देशन दिएको छ ।

**धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा मर्चेन्ट बैंकर) सुपरिवेक्षण दिग्दर्शन, २०७४ लागू (२०७४।५।०४):** धितोपत्र बजारको विकास तथा विस्तारसँगै पछिल्लो समयमा बोर्डले धितोपत्र व्यवसायीहरुको कार्यक्षेत्रमा समेत विस्तार गर्दै लगेको परिप्रेक्ष्यमा धितोपत्र बजारका व्यवसायीहरुको सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी, व्यवस्थित र अन्तर्राष्ट्रिय मूल्य मान्यता अनुरूप बनाउन बोर्डले धितोपत्र व्यवसायी ( धितोपत्र दलाल तथा मर्चेन्ट बैंकर) सुपरिवेक्षण दिग्दर्शन, २०७४ लागू गरेको छ । उक्त दिग्दर्शनमा मुख्य रूपमा गैरस्थलगत र स्थलगत सुपरिवेक्षणको प्रकृया, सुपरिवेक्षण सम्बन्धी विषयवस्तुहरू, सुपरीवेक्षकको काम, कर्तव्य, अधिकार, जिम्मेवारी तथा उत्तरदायित्वका साथै सुपरिवेक्षकको आचारसहिंता समावेश गरिएको छ । यस दिग्दर्शनमा समावेश भएका व्यवस्था, पद्धति तथा प्रक्रिया बमोजिम धितोपत्र व्यवसायीहरुकोसुपरिवेक्षण कार्य भएमा धितोपत्र व्यवसायीहरुको ऐन, नियम पालनाको अवस्थामा सुधार आई संस्थागत सुशासन सुदृढ हुने र धितोपत्र व्यवसायीहरुको सेवाप्रवाहमा प्रभावकारिता आई लगानीकर्ता लाभान्वित हुने देखिन्छ ।

**धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा मर्चेन्ट बैंकर) सुपरिवेक्षण दिग्दर्शन, २०७४ का विशेषताहरु**

- धितोपत्र व्यवसायीको सुपरिवेक्षण स्थलगत र गैरस्थलगत रुपमा नियमित गर्ने व्यवस्था गरिएको ।
- धितोपत्र व्यवसायीको सुपरिवेक्षणका कार्यगत उद्देश्यहरु तोकिएको ।
- जोखिमा आधारित सुपरिवेक्षणमा जोड दिइएको ।
- धितोपत्र व्यवसायीको नियमित रुपमा सुपरिवेक्षण गरिने व्यवस्था गरिएको ।
- धितोपत्र व्यवसायीको हिसाव किताव तथा लेखा, नियमनकारी निकायले तोकेका वित्तीय विवरणहरु तथा प्रतिवेदनको अवस्था, धितोपत्र व्यवसायीहरुले धितोपत्र सम्बन्धी प्रचलित कानुनको पालनाको अवस्था, धितोपत्र व्यवसायीको काम कारवाहीको अवस्था, ग्राहक पहिचान विवरण, जोखिम व्यवस्थापन, सम्पति शुद्धीकरण तथा आतंककारी क्रियाकलामा वित्तीय लगानी सम्बन्धी विवरणको रिपोर्टिङ्गको अवस्था, कारोबार प्रणाली, भौतिक पूर्वाधार एवं जनशक्तिको अवस्था, आन्तरिक नियन्त्रण प्रणाली जस्ता विषयहरुको सुपरिवेक्षणमा जोड दिइएको ।
- सुपरिवेक्षकका काम, कर्तव्य,अधिकार तथा उत्तरदायित्वका साथै सुपरिवेक्षकको आचारसंहिता सम्बन्धी व्यवस्था समेत गरिएको ।

**हितग्राही खाता सञ्चालन गर्दा लाग्ने शुल्क सम्बन्धमा बोर्डको स्पष्टोक्ति:** बोर्डले अभौतिक सेयरको मात्र कारोबार हुने व्यवस्था गरेसँगै लगानीकर्ताको हितग्राही खाता संख्यामा उल्लेखनिय वृद्धि आएसँगै धितोपत्रको हितग्राही खाता खोल्दा तथा उक्त खाता सञ्चालन गर्दा निक्षेप सदस्यले हितग्राहीसँग लिन सक्ने शुल्कको सम्बन्धमा द्विविधा उत्पन्न भएको देखिएकोले बोर्डले एक सूचनामार्फत् स्पष्ट पारेको छ । बोर्डले धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६८ को विनियम २० सँग सम्बन्धित अनुसूची १४ लाई उद्धृत गर्दै निक्षेप सदस्यले हितग्राही खाता खोल्दा रु. ५० लिन पाउने र उक्त शुल्कमध्ये रु. ५ सिडिएस एण्ड क्लियरीङ्ग लि. लाई बुझाउनुपर्ने र उक्त हितग्राही खाता सञ्चालन गर्दा वार्षिक शुल्क रु. १०० लिने र

उक्त शुल्कबाट रु. १० सिडिएसलाई बुझाउनुपर्ने स्पष्ट गरेको छ । साथै उपर्युक्त शिर्षकमा हितग्राहीसँग अतिरिक्त कुनै शुल्क लिन पाउने व्यवस्था नरहेको समेत जानकारी दिएको छ ।

### आइक्यानका उपाध्यक्ष जगन्नाथ उपाध्याय (निरौला) बोर्ड सदस्यमा नियुक्त


नवनियुक्त बोर्ड सदस्य
श्री जगन्नाथ उपाध्यय (निरौला)

सात सदस्य रहेको बोर्डको सञ्चालक बोर्डमा २०७४ भाद्र ७ बाट नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्था (आइक्यान) का उपाध्यक्ष श्री जगन्नाथ उपाध्याय (निरौला) बोर्ड सदस्यको रुपमा प्रतिनिधित्व गर्नुभएको छ । यस अघि सोही संस्थाको उपाध्यक्ष प्रकाशजंग थापाले २०७३ भाद्र ११ देखि प्रतिनिधित्व गर्दै आउनुभएको थियो ।

**कार्य जिम्मेवारी हेरफेर**: मिति २०७४।०४।०८ देखि लागू हुने गरी बोर्डका कार्यकारी निर्देशक परिष्टनाथ पौड्यालले नियमन तथा व्यवस्थापन विभाग र अर्का कार्यकारी निर्देशक निरज गिरीले सुपरिवेक्षण तथा अनुसन्धान विभाग हेर्ने गरी कार्य जिम्मेवारी हेरफेर गरिएको छ । साथै, निर्देशकहरु विनयदेव आचार्यलाई धितोपत्र व्यवसायी सुपरिवेक्षण महाशाखा र डा.नवराज अधिकारीलाई धितोपत्र बजार, सूचिकृत संगठित संस्था, सिडिएस तथा सामूहिक लगानी कोष सुपरिवेक्षण महाशाखाको जिम्मेवरी थप गरिएको छ ।

### नेप्से तथा नेपाल इन्भेष्टमेन्ट बैंक लि.लाई स्पष्टीकरण सोधिएको

**(२०७४।०५।२१)**: सूचिकृत कम्पनी नेपाल इन्भेष्टमेन्ट बैंक लि.ले २०७४।०५।२१ गते बुधवार नेप्से खुलेलगत्तै आ.व. २०७३।७४ को मुनाफाबाट २५ प्रतिशत बोनस सेयर र १५ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव सो बैंकको संचालक समितिले निर्णय गरेको सूचना प्रवाह गरेको र सो सूचना प्रवाह भएको केही समयपश्चात् भुलवस भएको (टाइप मिस्टेक) भन्दै बैंकले अघिल्लो सूचनालाई सच्याई २५ प्रतिशत नगद लाभांश र १५ प्रतिशत बोनस सेयर दिने प्रस्ताव बैंकको संचालक समितिले निर्णय गरेको भनी पुन: नेप्सेलाई जानकारी गराई सूचना प्रवाह गरेकोले बोर्डले नेप्से तथा सूचिकृत कम्पनी नेपाल इन्भेष्टमेन्ट बैंक लि.लाई यस सम्बन्धमा दुई किसिमको सूचना प्रवाह के कसरी भएको भनी स्पष्टीकरण सोधेको छ ।

## छलफल तथा अन्तरक्रिया

### वस्तु विनिमय बजार सम्बन्धी कानुनी व्यवस्था सम्बन्धमा छलफल (२०७४ श्रावण)

विगत करिब १० वर्षदेखी सञ्चालनमा रहेको वस्तुबजारलाई नियमनको दायरामा ल्याउने उद्देश्य बमोजिम व्यवस्थापिका संसदले वस्तु बजार सम्बन्धी विधेयक, २०७४ लाई पारित गरेको छ । यस विधेयकबाट नेपालको वस्तु बजारको नियमनको जिम्मेवारी बोर्डलाई दिइएको सन्दर्भमा यस बजारको प्रभावकारी नियमन तथा विकासका लागि उक्त विधेयक प्रमाणीकरण भएसँगै प्रभावकारी कार्यान्वयनका लागि बोर्ड आवश्यक गृहकार्यमा जुटेको छ । यस सन्दर्भमा बोर्डले विधेयकमा रहेका मुख्य व्यवस्थाहरु र वस्तु बजार सञ्चालनका आवश्यक कानुनी लगायतका पूर्वाधार सम्बन्धमा हाल सञ्चालनमा रहेका वस्तुबजार व्यवसायीहरुसँग छलफल कार्यक्रमको आयोजना गरेको छ । सरकारी प्रतिनिधिहरुको समेत सहभागिता रहेको उक्त कार्यक्रममा बोर्डका कार्यकारी निर्देशक श्री परिष्टनाथ पौड्यालले सहभागीहरुलाई स्वागत गर्नुभएको थियो भने बोर्डका निर्देशक मुक्तिनाथ श्रेष्ठले उक्त विधेयकमा रहेका मुख्यव्यवस्थाहरुकोबारेमा प्रकाशनपार्नुभएको थियो।

उक्त कार्यक्रममा उपस्थित वस्तु बजार प्रवर्द्धक तथा सञ्चालक व्यवसायीहरुले व्यवसायीहरुको अधिकार तथा दायित्व, वस्तु बजार, क्लियरीङ्ग हाउस, वेयरहाउस लगायतका पूर्वाधारहरु सम्बन्धी सन्दर्भमा बोर्डले तयार गर्न लागको नियमावलीमा स्पष्ट गर्नुपर्ने र ऐनमा भएकोसञ्चालकको योग्यता सम्बन्धी व्यवस्थाले केही कठिनाई आउन सक्ने सन्दर्भ उठाएका थिए ।



उक्त छलफलमा सहभागीका जिज्ञासाहरुको समाधान गर्दै बोर्डका अध्यक्ष डा. रेवत बहादुर कार्कीले लामो र अथक प्रयास पश्चात वस्तु बजार विधेयक पारित भएको जनाउँदै यस बजारको आवश्यकता अनुसार समायनुकुल सुधार तथा विकास गर्दै जानुपर्ने बताउनुभयो । उहाँले सहभागीहरुको व्यवसायिक, स्वच्छ एवं पारदर्शी गतिविधिहरुबाट मात्र यस बजारले अर्थतन्त्रको विकास तथा विस्तारमा योगदान दिन सक्ने भएकोले स्वनियमनलाई बढावा दिँदै आफ्ना बजार सम्बन्धी गतिविधिहरु सञ्चालन गर्नुपर्ने बताउनु भयो । बोर्डका कार्यकारी निर्देशक निरज गिरीले बजार नियमनका लागि सबै पक्षको सहयोग र समन्वयको अपेक्षा गर्दै सेयर बजारभन्दा फरक प्रकृतिको वस्तुबजारलाई सोहि अनुरुप विकास गरिदै लैजाने बताउनुभयो भने निर्देशक डा.नवराज अधिकारीले वस्तु बजारको नियमन तथा विकासको चुनौतिसँगै बोर्डलाई अवसर पनि प्राप्त भएको बताउनुभयो ।

## धितोपत्र दलाल व्यसायीको नियम पालना अधिकृतको भूमिका सम्बन्धी छलफल कार्यक्रम (२०७४।०५।०२)

बोर्डले धितोपत्र दलाल व्यवसायीहरुले पालना गर्नुपर्ने नियमको सम्बन्धमा धितोपत्र सम्बन्धी ऐन, नियम, निर्देशिकाको व्यवस्था तथा सो सम्बन्धी अन्तर्राष्ट्रिय मूल्य मान्यताको विषयमा जानकारी प्रदान गर्ने उद्देश्यले धितोपत्र व्यवसायीको नियम पालना अधिकृत लाई सहभागी गराई मिति २०७४।०५।०२ मा छलफल कार्यक्रम सम्पन्न गरेको छ । करिब ७५ जनाको सहभागिता रहेको उक्त कार्यक्रमको शुभारम्भ गर्दै बोर्डका अध्यक्ष डा. रेवत बहादुर कार्कीले हालका दिनहरुमा पुँजी बजारको विकास तथा संरचनात्मक सुधारमा विशेष पहल गर्दै आइरहेको बोर्डले बजारको विकास तथा विस्तारसँगै विभिन्न समस्या तथा चुनौतिहरु पनि बढ्दै गएकाले आगामी दिनमा पनि सुपरिवेक्षण तथा कानुन प्रवलीकरणमा विशेष जोड दिने बताउँदै स्वच्छ, पारदर्शी तथा प्रभावकारी पुँजी बजार विकास गर्न सम्पूर्ण बजार सहभागीहरुलाई संस्थागत सुशासन तथा नियम पालनामा संवेदनशिल हुन निर्देशन दिनुभयो ।

बोर्डले अनुपालनाको स्थितिलाई मजबुत बनाई धितोपत्र व्यवसायलाई थप व्यवस्थित, पारदर्शी तथा जवाफदेही बनाउन सम्पति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०६९ ले गरेको व्यवस्था बमोजिम मिति २०७२।०८।२० मा सम्पूर्ण धितोपत्र दलाल व्यवसायीहरुलाई नियम पालना अधिकृत नियुक्त गर्न निर्देशन दिएको थियो । नियम पालना अधिकृतको दायित्व, धितोपत्र दलाल व्यवसायीको हालको नियम पालनाको स्थिति, कानुनी व्यवस्था र यस सम्बन्धी समस्या तथा चुनौतिहरुको विषयमा बोर्डका उप निर्देशक तेज प्रसाद देवकोटाले प्रस्तुती गर्नुभएको थियो । कार्यक्रममा बोर्डका कार्यकारी निर्देशक निरज गिरीले सहभागीहरुद्धारा उठेका जिज्ञासाहरुको सम्बोधन गर्नुभएको थियो भने बोर्डका निर्देशक डा. नवराज अधिकारीले सम्पूर्ण सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रमको समापन गर्नुभएको थियो ।

## बोर्डको आ.व. २०७४।७५ को धितोपत्र सम्बन्धी नीति तथा कार्यक्रम सार्वजनिक (२०७४।०५।१५)

बोर्डले मिति २०७४।०५।१५ मा पत्रकार भेटघाट कार्यक्रमको आयोजना गरी आ.व. २०७४।७५ को धितोपत्र सम्बन्धी नीति तथा कार्यक्रम सार्वजनिक गऱ्यो । पुँजी परिचालनको प्रमुख संयन्त्रको रुपमा रहेको धितोपत्र बजारको स्वच्छ, पारदर्शी तथा प्रभावकारी संचालन र धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण हुने लगानीमैत्री वातावरण बनाउन धितोपत्र बजारको नियमन तथा सुपरिवेक्षणलाई प्रभावकारी ढंगले अगाडि बढाउनको लागि निर्दिष्ट नीति तथा कार्यक्रममार्फत् धितोपत्र बजारको सुधार तथा विकासमा जोड दिदैं आएको बोर्डले रजतजयन्तीको अवसरमा यसरी पहिलोपटक धितोपत्र सम्बन्धी नीति तथा कार्यक्रम सार्वजनिक गरेको हो ।

कार्यक्रममा बोर्डका कार्यकारी निर्देशक निरज गिरीले आ.व. २०७३।७४ को धितोपत्र बजारको समग्र स्थिति र बोर्डको कार्यप्रगतिको समीक्षा गर्दै आ.व. २०७४।७५ मा धितोपत्र बजारको विकास तथा विस्तारका लागि बोर्डले लिएको नीति तथा कार्यक्रमको बारेमा जानकारी



*आ.व. २०७४।७५ को धितोपत्र सम्बन्धी नीति तथा कार्यक्रम प्रस्तुत गर्दै बोर्ड अध्यक्ष डा. रेवत बहादुर कार्की*

दिनुभयो । कार्यक्रममा बोर्ड अध्यक्ष डा. रेवत बहादुर कार्कीले पहिलोपटक धितोपत्र सम्बन्धी नीति तथा कार्यक्रमलाई पुस्तिकामार्फत् सार्वजनिक गर्ने अभ्यासको शुरुवातले नियमन निकायको पारदर्शी तथा उत्तरदायी गतिविधिबाट धितोपत्र बजारमा सकारात्मक प्रभाव पर्ने बताउँदै यस धितोपत्र सम्बन्धी नीति तथा कार्यक्रमको कार्यान्वयनबाट धितोपत्र बजारमा पूर्वाधारको विकास हुने, बजारको पारदर्शीता बढ्ने, वास्तविक क्षेत्रको बजार प्रवेशमा बृद्धि आउने, लगानीकर्ताहरुलाई उपलब्ध लगानी उपकरणहरुको विकल्पहरुमा बृद्धि आउने, लगानीकर्ताको बजारमा विश्वास अभिबृद्धि हुने तथा धितोपत्रको दोस्रो बजार देशभर विस्तार भई समग्रमा प्राथमिक तथा दोस्रो बजारमा बढोत्तरी आउने र नेपालको धितोपत्र बजार दीर्घकालीन पुँजी परिचालनको महत्वपूर्ण संयन्त्रको रुपमा विकसित हुने विश्वास व्यक्त गर्नुभयो । साथै बोर्डका कार्यकारी निर्देशक परीष्टनाथ पौड्यालले यसरी पहिलो पटक सार्वजनिक गरिएको नीति तथा कार्यक्रमले बोर्डको गतिविधि थप पारदर्शी भई आफनो कार्यप्रति उत्तरदायी बनाउने बताउँदै कार्यक्रममा सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो । उक्त कार्यक्रममा बोर्डका निर्देशक डा.नवराज अधिकारीले सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रम सञ्चालन गर्नु भएको थियो ।

## आ.व. २०७४।७५ को प्रमुख नीति तथा कार्यक्रमहरु

- सूचिकृत संगठित संस्थाहरुको लागि संस्थागत सुशासन सम्बन्धी निर्देशिका बनाई लागू गर्ने,
- धितोपत्र व्यवसायीहरुको सुपरिवेक्षणलाई प्रभावकारी बनाउन तयार गरिएको Supervision Manual को प्रभावकारी कार्यान्वयन गर्ने,
- भेन्चर क्यापिटल र प्राइभेट इक्विटी फण्ड सम्बन्धी अध्ययन गरी आवश्यक नियम बनाउने,
- सामूहिक लगानी कोष अन्तर्गत खुलामुखी योजना प्रवेश गराउने,
- बोर्डको कम्तिमा ५१ प्रतिशत सेयर भएको धितोपत्र बजार प्रशिक्षण संस्था (Securities Market Institute) स्थापना गर्ने,
- बढ्दो अर्थतन्त्र र पुँजी बजारको विस्तारलाई धान्न सक्ने गरी धितोपत्र बजारलाई प्रतिस्पर्धी बनाउन कर्पोरेट मोडलमा नयाँ स्टक एक्सचेन्ज संचालनका लागि सहजीकरण गर्ने,
- Commodity Derivatives बजारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७३ प्रमाणिकरण भई आएपश्चात् लागू गर्न नियमावली बनाई सो बजारलाई नियमनको दायरामा ल्याउने,
- Municipal Bond निष्काशनसम्बन्धी आवश्यक व्यवस्था तथा ऋणपत्र र अग्राधिकार सेयर बजार विकासको लागि अबलम्वन गरिनुपर्ने प्रोत्साहनमूलक नीतिका सम्बन्धमा अध्ययन गर्ने,
- धितोपत्रमा लगानी गर्ने उद्देश्यले स्थापना भएका लगानी कम्पनीहरुलाई नियमनको दायरामा ल्याउन कम्पनी रजिष्ट्रारको कार्यालयसँग समन्वय स्थापित गरी आवश्यक कार्य अगाडि बढाउने,
- पुँजी बजार प्रदर्शनी (Capital Market Expo) आयोजना, धितोपत्र बजार सम्बन्धी अन्तर्राष्ट्रिय सेमिनार आयोजना, धितोपत्र बजार सम्बन्धी हुलाक टिकट प्रकाशन, SEBON Journal प्रकाशन, रु.५०,०००।- रकमको उत्कृष्ट आर्थिक पत्रकारिता पुरस्कार लगायतका कार्यक्रम सहित रजत जयन्ती वर्ष भव्य रुपमा मनाउने,
- धितोपत्र सम्बन्धी तथ्याङ्कको समूचित व्यवस्था गर्ने र धितोपत्र बजार सम्बन्धी अध्ययन/अनुसन्धान कार्यलाई प्रोत्साहन गर्ने,
- धितोपत्र बजारमा गैर आवासीय नेपाली (Non Resident Nepalese) को लगानी खुला गर्ने सम्बन्धी अध्ययन गर्न समिति गठन भैसकेको परिप्रेक्ष्यमा सो सम्बन्धमा आवश्यक कार्यविधि बनाउने,
- Internet मार्फत् धितोपत्र खरिद विक्री आदेश दिन सक्ने व्यवस्था कार्यान्वयमा ल्याउने,
- धितोपत्र दलाल व्यवसायीको कार्यक्षेत्र (मार्जिन ट्रेडिङ्ग, धितोपत्र व्यापारी सेवा) विस्तार सम्बन्धमा अध्ययन गर्ने,
- निश्चित संख्यासम्मको अभौतिकृत हुन बाकीं धितोपत्रलाई बिक्रीको अवसर दिई त्यस्ता धितोपत्रको तरलता अभिबृद्धि गर्न अभौतिक धितोपत्र कारोवार गर्ने छुट्टै प्लेटफर्मको विकास गर्ने,
- दोस्रो बजारमा लगानी गर्दा स्थायी लेखा नं. (PAN) लाई २०७५।७६ देखि अनिवार्य गर्नको लागि आवश्यक नीतिगत व्यवस्था गर्ने,
- धितोपत्र बजार सम्बन्धी जानकारी तथा सचेतना अभिबृद्धि कार्यक्रम व्यापक रुपमा संचालन गर्ने ।

साथै, वास्तविक क्षेत्रका कम्पनीलाई आकर्षित गर्ने, नेप्से तथा सीडिएससीको प्रणालीको संपरिक्षण गर्न सहजीकरण गर्ने, छुट्टै नियमन निकाय नभएका सूचिकृत कम्पनीहरुको नियमन तथा सुपरिवेक्षण गर्ने, नेप्से तथा सिडिएससीको पुर्नसंरचनामा सहजीकरण गर्ने, बोर्डको संचालन स्वायत्तता बढाउने, धितोपत्रको दोस्रो बजार कारोवारलाई थप प्रतिस्पर्धी एवं विश्वसनीय बनाउन Settlement Guarantee Fund को व्यवस्थाका लागि सहजीकरण गर्ने, बोर्डको आफ्नै कार्यालय भवन बनाउन आवश्यक कार्य अगाडि बढाउने जस्ता कार्यक्रमहरु समेत रहेका छन् ।

उपर्युक्त नीति तथा कार्यक्रमको कार्यान्वयनबाट धितोपत्र बजारमा पूर्वाधारको विकास हुने, बजारको पारदर्शीता बढ्ने, वास्तविक क्षेत्रको बजार प्रवेशमा बृद्धि आउने, लगानीकर्ताहरुलाई उपलब्ध लगानी उपकरणहरुको विकल्पहरुमा बृद्धि आउने, लगानीकर्ताको बजारमा विश्वास अभिबृद्धि हुने तथा धितोपत्रको दोस्रो बजार देशभर विस्तार भई समग्रमा प्राथमिक तथा दोस्रो बजारमा बढोत्तरी आउने र नेपालको धितोपत्र बजार दीर्घकालीन पुँजी परिचालनको महत्वपूर्ण संयन्त्रको रुपमा विकसित हुने देखिन्छ ।

*नीति तथा कार्यक्रमसम्बन्धी विस्तृत विवरण बोर्डको वेभसाइट **www.sebon.gov.np** मा पनि राखिएको छ ।*

## सेजनका नवनिर्वाचित पदाधिकारीलाई बधाई तथा शुभकामना (२०७४।०५।२७)



*सेजनका नवनिर्वाचित पदाधिकारीलाई बधाई तथा शुभकामना कार्यक्रमको एक झलक*

बोर्डले पहिलोपटक नेपाल आर्थिक पत्रकार समाज (सेजन) का नव निर्वाचित पदाधिकारीलाई मिति २०७४।०५।२७ मा एक कार्यक्रम आयोजना गरी बधाई तथा शुभकामना प्रदान गरेको छ । सेजनका अध्यक्ष पुष्पराज आचार्य, उपाध्यक्ष प्रभात भट्टराई, कोषाध्यक्ष भागवत भट्टराई तथा सदस्यहरु एलिजा उप्रेती, हिमाल पौडेल, सागर घिमिरे र शिव बोहोराको उपस्थिति रहेको उक्त कार्यक्रममा सम्पूर्ण सहभागीहरुलाई बोर्डका कार्यकारी निर्देशक निरज गिरीले स्वागत गर्नुभएको थियो ।

कार्यक्रममा बोर्ड अध्यक्ष डा. रेवत बहादुर कार्कीले सेजनका नवनियुक्त पदाधिकारीलाई बधाई तथा सफल कार्यकालको शुभकामना ज्ञापन गर्नुभयो । उहाँले पत्र पत्रिकामा प्रकाशित समाचारले धितोपत्र बजारलाई प्रभाव पार्ने हुनाले यसको गाम्भिर्यतालाई मध्यनजर गरी व्यवसायिक तवरले समाचार प्रकाशनमा जोड दिनुपर्ने बताउनुभयो । उहाँले धितोपत्र बजारमा संस्थागत सुशासनको महत्वमाथि जोड दिँदै बोर्ड कर्मचारी र बोर्ड सदस्यहरुलाई आचारसंहिता लागू गरिसकेको स्मरण गर्दै सूचिकृत संस्थाका लागि पनि आचारसंहिता लागू गरिने बताउनुभयो । साथै डा. कार्कीले वर्तमान नेतृत्व धितोपत्र बजार तथा यसको नियमनका सम्बन्धमा उपयुक्त पद्धति तथा पूर्वाधार स्थापना गर्नको लागि प्रयासरत भएकोले यसमा देशका आर्थिक पत्रकारहरुसँगको सहकार्य एवं सहयोग महत्वपूर्ण हुने धारणा राख्नुभयो ।

सेजनका नव नियुक्त अध्यक्ष पुष्पराज आचार्यले हालका दिनहरुमा धितोपत्र बजारको विकास तथा विस्तारको लागि बोर्डले चालेको सुधारात्मक तथा विकासात्मक कार्यहरुको उल्लेख गर्दै आर्थिक पत्रकारको क्षमता विकास तथा अन्य विधिन्न कार्यक्रममा सेबोन र सेजनको सहकार्य हुनुपर्ने कुरा औंल्याउनुभयो । कार्यक्रममा कार्यकारी निर्देशक परिष्टनाथ पौड्यालले सम्पूर्ण सहभागीहरुलाई धन्यवाद ज्ञापन दिँदै सत्य तथ्य समाचार तथा विवरण लगानीकर्तामा प्रवाहित गर्न आर्थिक पत्रकारले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । कार्यक्रमको सञ्चालन बोर्डका निर्देशक डा.नवराज अधिकारीले गर्नुभएको थियो ।


प्रमुख सल्लाहकार
**डा. रेवत बहादुर कार्की, अध्यक्ष**

सल्लाहकार
**परिष्टनाथ पौडेल, कार्यकारी निर्देशक**
**निरज गिरी, कार्यकारी निर्देशक**

सम्पादक
**डा. नवराज अधिकारी, निर्देशक**

सह सम्पादक
**रुपेश के.सी., उप निर्देशक**

सहायक सम्पादक
**रेवत श्रेष्ठ, अधिकृत**

प्रकाशक :

**नेपाल धितोपत्र बोर्ड**, पो.ब.नं. ९०३१, जावलाखेल, ललितपुर,फोनः ०१–५५४१०५७, ५०००२०१, ५०००१६२, फ्याक्सः०१– ५५४१०५८, टोल फ्रि हटलाइन नंः १६६०–०१–४४४३३, वेबसाइटः http://www.sebon.gov.np, इ–मेलः support@sebon.gov.np